नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
सिन्धुपाल्चोक

फोन नं. ०११-६२०१२५ (सिन्धुपाल्चोक),
०११-६६५६०४ (काभ्रे)
इमेल: pmamp.piu.sindhupalchok@gmail.com
वेभ साइट: piusindhupalchowk.pmamp.gov.np

सूचना प्रकाशन मिति २०८३/०१/१७

## कृषि यन्त्र उपकरण तथा सामाग्रीहरुको शिलबन्दी इकाई दररेट पेश गर्ने बारेको सूचना !

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुपाल्चोकको आ.ब.२०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार **दुग्ध चिस्यान केन्द्र स्थापना/सुदृढीकरण एवं दुग्धजन्य पदार्थको मूल्य अभिबृद्धि कार्यक्रम र जोन-सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग** कार्यान्वयनका लागि लाभग्राही कृषकहरुलाई तोकिएका उपकरण खरिदमा बढीमा ५० प्रतिशत लागत साझेदारी हुनेगरी अनुदान सहयोग प्रवाह गर्ने प्रयोजनार्थ उपकरणहरुको न्यूनतम इकाई दररेट कायम गर्नको लागि यो शिलबन्दी दररेट प्रस्तावपत्र आब्हान गरिएको छ। लाभग्राही कृषकहरुलाई उपकरण आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुले यस कार्यालयबाट दररेट फाराम प्राप्त गरी तपशिल बमोजिम कागजातहरु संलग्न राखि कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुपाल्चोक चौतारा वा सुपरजोन प्राविधिक एकाइ, धुलिखेल काभ्रेमा मिति २०८३/०१/२३ गते कार्यालय समय भित्र शिलबन्दी इकाई दररेट पेश गर्नुहुन जानकारी गराईन्छ।

**दररेट माग गरिएका उपकरणहरु: Milk analyzer, Milk chilling vat, Potato digger, Thresher multi-crop, Potato planter and Potato harvester**

पेश गर्नुपर्ने आवश्यक कागजात तथा शर्तहरु :

१ प्रस्तावित स्पेशिफिकेसन उल्लेखगरी रितपूर्वक भरेको इकाई दररेट फाराम (प्रत्येक पानामा दस्तखत भएको)
२ फर्म दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि।
३ स्थायी लेखा नं./मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा गत आ.ब.को करचुक्ता (म्याद समेत) प्रमाणपत्रको प्रतिलिपि।
४ सम्बन्धित उपकरण उत्पादनका लागि ईजाजतपत्र/अनुमतिपत्रको प्रतिलिपि (उत्पादनकर्ता/आयातकर्ता/डिलरशिप आदि)
५ आपूर्तिगर्ने प्रस्तावित उपकरणहरुको स्पेशिफिकेसन खुल्ने फोटो, लेबल, catalogue, brochure आदि।
६ प्रस्ताव गरिएका उपकरणहरु इन्जिन अपरेटिङ्ग मेशिन भएमा Engine test report/ Engine performance report हरुको प्रतिलिपी।
७ आपूर्ति गरेको उपकरणहरु तोकिएको गुणस्तर नभएको वा गुणस्तरहिन भएको कारणले कृषकहरुलाई क्षति हुन गएमा आपूर्तिकर्ता स्वयं जिम्मेवार हुनुपर्नेछ तसर्थ उपकरणहरुको गुणस्तर यकिन गरिमात्र प्रस्ताव गर्नुहुन जानकारी गराईन्छ।
८ दररेट स्वीकृत भएमा लाभग्राही कृषकहरु उपकरण खरिद गरिलिन आएमा मात्र आपूर्तिकर्ताले परल मूल्य कृषकबाट नै लिई तोकिएको उपकरण आपूर्ति गर्नुपर्नेछ। कृषकहरुलाई उपकरण आपूर्ति नगरी बिल बिजक जारी गर्न पाइनेछैन, सो गरेको पाईएमा कानून बमोजिम कारवाही भोग्नुपर्नेछ।
९ स्वीकृत स्पेशिफिकेसन बाहेकका उपकरणहरु बिक्री वितरण गरेमा आपूर्तिकर्ता स्वयं जिम्मेवार हुनेछ।
१० प्रस्ताव गरी दररेट स्वीकृत भएका सम्पूर्ण कृषियन्त्र उपकरणहरु तथा सामाग्री बिक्री वितरण नहुनपनि सक्नेछन किनकी लाभग्राही कृषकहरुको माँग र खरिद ईच्छा बमोजिम कार्यक्रम कार्यान्वयन हुनेछ।
११ प्रस्तावित इकाई दररेट स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

थप जानकारी चाहिएमा :

सम्पर्क नं : ०११-६२०३७०(सिन्धुपाल्चोक), ०११-६६५६०४ (काभ्रे)
email : pmamp.piu.sindhupalchok@gmail.com
website : www.piusindhupalchowk.pmamp.gov.np